स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भाग २, संख्या ८, मिति २०८३ भाद्र २४ गते

**भाग- २**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# बौदीकाली गाउँपालिकाको विद्यार्थी सीप सप्ताह कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"बौदीकाली गाउँपालिकाको विद्यार्थी सीप सप्ताह कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. उद्देश्यः**

यस कार्यक्रमका उद्देश्य देहायबमोजिम हुनेछन् :-

(क) विद्यार्थीमा व्यवहारिक तथा जीवनोपयोगी सीपको विकास गर्ने,

(ख) विद्यार्थीमा सिर्जनशीलता, आत्मनिर्भरता, उद्यमशीलता तथा समस्या समाधान गर्ने क्षमता विकास गर्ने,

(ग) विद्यालयमा सिकेका ज्ञानलाई व्यवहारिक जीवनसँग जोड्ने,

(घ) स्थानीय स्रोत, साधन, प्रविधि तथा सीपको प्रयोग गर्न विद्यार्थीलाई सक्षम बनाउने,

(ङ) विद्यार्थीको रुचि र क्षमताअनुसार विभिन्न सीपमूलक गतिविधिमा सहभागी गराउने।

**३. कार्यक्रम सञ्चालनः**

(१) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटअनुसार विद्यार्थी सीप सप्ताह कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा सञ्चालन गरिनेछ।

(३) कार्यक्रम विद्यालयको शैक्षिक कार्यतालिकासँग समन्वय गरी एक सप्ताह अवधिमा सञ्चालन गरिनेछ।

(४) विद्यालयले विद्यार्थीको उमेर, कक्षा, रुचि, स्थानीय आवश्यकता र उपलब्ध स्रोतसाधनका आधारमा सीपमूलक गतिविधि छनोट गरी सञ्चालन गर्नेछ।

**४. सञ्चालन गर्न सकिने सीपमूलक गतिविधिः**

विद्यालयले आवश्यकता र सम्भाव्यताका आधारमा देहायका वा अन्य उपयोगी सीपमूलक गतिविधि सञ्चालन गर्न सक्नेछ :-

(क) कृषि तथा करेसाबारीसम्बन्धी सीप,

(ख) फलफूल तथा तरकारी उत्पादन,

(ग) पशुपन्छी तथा मौरीपालनसम्बन्धी आधारभूत सीप,

(घ) खाना पकाउने तथा खाद्य परिकार बनाउने सीप,

(ङ) सिलाइ-कटाइ तथा कपडा निर्माण,

(च) हस्तकला तथा स्थानीय सामग्रीबाट सामग्री निर्माण,

(छ) काष्ठकला, बाँस तथा निगालोका सामग्री निर्माण,

(ज) मर्मत तथा विद्युतीय उपकरणसम्बन्धी आधारभूत सीप,

(झ) कम्प्युटर, डिजिटल प्रविधि तथा सूचना प्रविधिसम्बन्धी सीप,

(ञ) सञ्चार, उद्घोषण, नेतृत्व तथा प्रस्तुतीकरण सीप,

(ट) वित्तीय साक्षरता तथा उद्यमशीलता सीप,

(ठ) प्राथमिक उपचार तथा विपद् व्यवस्थापनसम्बन्धी सीप,

(ड) वातावरण संरक्षण तथा सरसफाइसम्बन्धी व्यवहारिक सीप,

(ढ) स्थानीय कला, संस्कृति, परम्परागत तथा व्यावसायिक सीप,

(ण) विद्यार्थीको रुचि तथा स्थानीय आवश्यकतामा आधारित अन्य जीवनोपयोगी सीप।

**५. कार्यक्रम सञ्चालन तथा खर्चः**

(१) गाउँपालिकाले स्वीकृत बजेटको सीमाभित्र रही सम्बन्धित विद्यालयलाई विद्यार्थी सीप सप्ताह सञ्चालनका लागि रकम उपलब्ध गराउनेछ।

(२) उपलब्ध रकमबाट सीपमूलक तालिम, प्रशिक्षक/स्रोत व्यक्तिको सेवा, आवश्यक कच्चा पदार्थ, औजार तथा सामग्री, अभ्यास तथा प्रदर्शनलगायत स्वीकृत कार्यक्रम सञ्चालन गर्न आवश्यक खर्च गर्न सकिनेछ।

(३) रकम स्वीकृत कार्यक्रम र लागत अनुमानका आधारमा खर्च गर्नुपर्नेछ।

(४) खर्च गर्दा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी कानूनको पालना गर्नुपर्नेछ।

(५) कार्यक्रम सञ्चालनका क्रममा स्थानीय स्रोत, साधन, जनशक्ति तथा समुदायको सहभागितालाई प्राथमिकता दिइनेछ।

**६. विद्यालयको जिम्मेवारीः**

कार्यक्रम स्ञचालनको सन्दर्भमा विद्यालयको जिम्मेवारी देहाय अनुसार रहनेछः

(क) विद्यार्थीको आवश्यकता र रुचिअनुसार सीपमूलक गतिविधि छनोट गर्ने, (ख) कार्यक्रमको कार्ययोजना तयार गरी सञ्चालन गर्ने, (ग) विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्ने, (घ) आवश्यक स्रोत व्यक्ति/प्रशिक्षकको व्यवस्थापन गर्ने, (ङ) कार्यक्रमबाट सिकेका सीपलाई नियमित सिकाइ तथा व्यवहारमा प्रयोग गर्ने वातावरण निर्माण गर्ने, (च) कार्यक्रम सञ्चालनको अभिलेख तथा फोटो सुरक्षित राख्ने, (छ) कार्यक्रम सम्पन्न भएपछि खर्च तथा प्रगति विवरण पेश गर्ने।

**७. अनुगमन तथा प्रतिवेदनः**

(१) गाउँपालिकाले कार्यक्रमको आवश्यकतानुसार अनुगमन गर्न सक्नेछ।

(२) विद्यालयले कार्यक्रम सम्पन्न भएपछि अनुसूची-२ बमोजिमको संक्षिप्त प्रतिवेदन, खर्च विवरण, बिल/भरपाई तथा कार्यक्रमका फोटो गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**८. बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

## अनुसूची– १ः विद्यार्थी सीप सप्ताह कार्यक्रमको कार्ययोजना

**विद्यालयको नामः** ...................................................

**कार्यक्रम सञ्चालन अवधिः** ...........................................

| दिन | सीप/विषय | मुख्य गतिविधि | स्रोत व्यक्ति/प्रशिक्षक | लक्षित विद्यार्थी |
|---|---|---|---|---|
| पहिलो दिन | | | | |
| दोस्रो दिन | | | | |
| तेस्रो दिन | | | | |
| चौथो दिन | | | | |
| पाँचौं दिन | | | | |
| छैटौं दिन | | | | |
| सातौं दिन | | | | |

**विद्यालयको कुल अनुमानित खर्चः रु.** ....................................

**प्रधानाध्यापकको नामः** ........................................

**हस्ताक्षरः** ............................

**विद्यालयको छापः** ...............

**मितिः** ....................

## अनुसूची– २ः विद्यार्थी सीप सप्ताह कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन

**१. विद्यालयको नामः** ....................................................

**२. कार्यक्रम सञ्चालन अवधिः** ............................................

**३. सञ्चालन गरिएका प्रमुख सीप/गतिविधिः**

१. ........................

२. ........................

३. ........................

४. ........................

**४. सहभागी विद्यार्थी संख्याः** ......................................

**५. प्रयोग गरिएका स्रोत व्यक्ति/प्रशिक्षकः** ............................

**६. कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धिः**
.....................................................................................................................

**७. खर्च विवरणः**

| क्र.सं. | खर्चको विवरण | रकम |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

| **क्र.सं.** | **खर्चको विवरण** | **रकम** |
|---|---|---|
| ४ | | |
| **जम्मा** | | **रु.** |

**८. कार्यक्रमका मुख्य फोटोहरू:** (फोटो संलग्न गर्ने)

**प्रधानाध्यापकको नामः** ........................................

**हस्ताक्षरः** ............................

**विद्यालयको छापः** ..............

**मितिः**

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८३/०५/०४**